प.सं. च.नं./Ref:

**आयोगबाट सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ स्वीकृत सम्बन्धमा**

**प्रेस विज्ञप्ति**

मिति २०७७/११/१०

**काठमाण्डौ, फाल्गुण १० गते ।**

निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्ने, निर्वाचन व्यवस्थापनमा हुने जानकारी तथा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषता अनुरूप हुने गरी रूपान्तरण गर्ने, सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्ने, आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितो रूपमा प्रवाह गरी पारदर्शी बनाउने, सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य बृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्ने, युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता, प्रचार प्रसार एवम् पहुँच बृद्धि गर्ने, सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुस्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्ने, निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चार माध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचन सम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्ने जस्ता कार्यका लागि **निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७** आयोगबाट मिति २०७७/११/१० मा स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।

समाजका सबै बर्ग, लिङ्ग, समुदाय र उमेर समुहका मानिसहरुमा सामाजिक सञ्जाल प्रतिको आकर्षण बढ्दै गएको बर्तमान परिप्रेक्षमा एकातर्फ सामाजिक सञ्जालको उपयोग गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्री, निर्वाचन आयोगका गतिविधि, निर्वाचनका सबै चरण र प्रक्रियाका निर्वाचन सम्वन्धी सूचनाहरु छिटो छरितो, मीतव्ययी एवम् प्रभावकारी तवरबाट सम्प्रेण गर्न सकिने अवसर सिर्जना भएको छ भने अर्को तर्फ सामाजिक सञ्जालका मञ्चहरुको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड एवम् द्वेशपूण अभिव्यक्ति जस्ता क्रियाकलापहरु मार्फत निर्वाचनलाई नकारात्मक रुपमा प्रभाव पार्ने एवम् निर्वाचनको समयमा सामाजिक सञ्जालको माध्यमबाट बाह्य हस्तक्षेप हुन सक्ने जोखिम समेत महशुस भएको छ । समाजिक सञ्जालबाट सिर्जित उल्लेखित अवसरको सदुपयोग गर्ने एवम् सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्ने प्रयास स्वरुप यो नीति तर्जुमा गरिएको हो ।

प.सं. च.नं./Ref:

यो नीति तर्जुमा गर्दा संवैधानिक एवम् कानूनी व्यवस्था, पन्ध्रौं पञ्चवर्षीय योजना, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना एवम् विगतका अभ्यासबाट प्राप्त सिकाइ तथा उपलब्धिलाई आधार मानिएको छ। नीतिसँग सम्बन्धित नेपाल सरकारका विभिन्न मन्त्रालय तथा आयोगहरू, नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल नेपाल, विभिन्न राजनीतिक दल लगायतका सरोकारवालासँग नीतिको प्रारम्भिक मस्यौदा उपर राय प्रतिक्रिया माग गरी प्राप्त भएका उपयुक्त राय सुझावलाई समावेश गरिएको छ।

यस नीतिको **दूरदृष्टि** "व्यवस्थित, मर्यादित एवम् विश्वसनीय सामाजिक सञ्जाल" रहेको छ भने "निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गर्ने" **ध्येय** रहेको छ। "स्वच्छ, स्वतन्त्र र निश्पक्ष निर्वाचनका लागि सामाजिक सञ्जालको उपयोगलाई सुरक्षित, व्यवस्थित, विश्वसनीय, मर्यादित र पहुँचयोग्य बनाउने " **लक्ष्य** रहेको यस नीतिका **उद्देश्यहरू** निर्वाचन सम्बन्धी सूचना भरपर्दो, मितव्ययी, गुणस्तरीय र पहुँचयोग्य बनाई सामाजिक सञ्जालको उपयोग र नियमनलाई प्रभावकारी बनाउनु, आयोगका सूचना, गतिविधि तथा निर्वाचन शिक्षा सामग्री सामाजिक सञ्जाल मार्फत आम नागरिक समक्ष पुऱ्याई सहज पहुँच तथा दोहोरो सञ्चार कायम गर्नु र निर्वाचनको विश्वसनीयता अभिवृद्धिका लागि सामाजिक सञ्जालको उपयोगमा बहुपक्षीय समन्वय र सहकार्यको विकास गर्नु रहेका छन्।

यस नीतिमा ६ वटा रणनीति र सो रणनीति अन्तर्गत ३० वटा कार्यनीतिहरू तय गरिएको छ। नीति कार्यान्वयनका लागि निर्देशक समिति र कार्यान्वयन समिति जस्ता संस्थागत व्यवस्था गरी समितिका काम, कर्तव्य र अधिकार समेत परिभाषित गरिएको छ।

विशेषतः सूचना प्रविधि एवम् सामाजिक सञ्जालको क्षेत्रमा कार्यरत निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्दै आगामी दिनमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वासनीय र मितव्ययी बनाउन यो नीति सहयोगी हुनेछ भन्ने आयोगले विश्वास लिएको छ।

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता

निर्वाचन आयोग नेपाल २०२२